सभामा पेश गरेको मितिः२०८१/०३/०६<br>सभाबाट पारित मितिः२०८१/०३/०८

सम्पूर्ण सभा सदस्य ज्यूहरु

मालिका गाउँपालिका गुल्मीको गाउँसभाको सोह्रौं अधिवेशनमा यहाँहरुलाइ हार्दिक स्वागत गर्दछु। यस गरिमामय सभा समक्ष मालिका गाउँपालिकाको आर्थिक वर्ष ८१/८२ को नीति तथा कार्यक्रम सम्बोधन गर्न पाउँदा म गौरवान्वित महशुस गरेको छु। यस अवसरमा म सर्वप्रथम नेपाल राष्ट्रको रक्षा, सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापना एवम् मुलुकको सर्वाङ्गीण विकास, समृद्धि र अग्रगमनको लागि विभिन्न समयमा भएका राजनीतिक परिवर्तन, १० वर्षे महान जनयुद्ध, १९ दिने जन आन्दोलन  सशस्त्र सङ्घर्ष एवम् आन्दोलनमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने ज्ञात-अज्ञात सहिदप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु। देशमा राजनीतिक परिवर्तनको लागि नेतृत्व प्रदान गर्नुहुने श्रद्धेय नेतागणसहित सम्पूर्ण नेपालीमा हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

स्थानीय तह निर्वाचन,२०७९ मा जनताको अभिमत प्राप्त गरी गाउँ सभा सदस्यको रुपमा दुइ आर्थिक वर्ष विभिन्न जिम्मेवारीमा रही आफ्नो कर्तव्य निवर्हन गरिसकेका छौं।यस अवधिमा जनताको निकटतम रहेको स्थानीय सरकारको रुपमा सार्वजनिक सेवा प्रवाह तथा विकास निर्माण कार्य गरिरहँदा विभिन्न अवसर तथा चुनौतीहरुको पहिचान गरेका छौं।संविधान कार्यान्वयन, स्थानीय तहदेखिनै सङ्घीयताको सबलीकरण, आर्थिक क्रियाकलापको वृद्धि , उत्पादन र उत्पादकत्व वृद्धि, रोजगारी सिर्जना, सुशासन प्रवर्द्धन, सार्वजनिक सेवा प्रवाहमा सुधार र सरलीकरण, नागरिकमैत्री शासन प्रणालीको स्थापना तथा भ्रष्टाचार नियन्त्रण मुख्य प्राथमिकता रहेका छन्। सुशासनलाई संस्थागत गर्न, विकास निर्माणलाई गति दिन र सेवाप्रवाहमा सारभूत र आम मालिका वासिले अनुभूति गर्नसक्ने सुधार गर्न सक्ने स्पष्ट कार्ययोजनाका साथ अघि बढेको छ।

***"मालिका गाउँपालिकाको समृद्धिको आधारः कृषि,पर्यटन,सामाजिक विकास र पूर्वाधार"*** भन्ने दीर्घकालिन सोंचका साथ विकास कार्यलाई नीति तथा लक्ष्यमा आधारित बनाई थप व्यवस्थित र प्रभावकारी बनाउने उद्देश्यले तर्जुमा गरिएको मालिका गाउँपालिकाको प्रथम

पन्चवर्षीय आवधिक योजना(२०८०।८१ देखि २०८४।८५) ले परिलक्षित गरेका गन्तब्य प्राप्तिका लागि पर्यटन, उर्जा, कृषि, उद्योग, भौतिक पूर्वाधार, मानव संशाधन, र सुशासन गरि मुख्य सात सम्बाहक पहिचान गरिएका छन्।यी संवाहकहरुको कुशल व्यवस्थापनका लागि नेपालको संविधान सोह्रौ योजना, लुम्बिनी प्रदेश आवधिक योजना, दिगो विकास लक्ष्य,मध्यमकालिन खर्च संरचना र मालिका बासिको विकासको चाहाना तथा राजनीतिक दलहरुको विकासप्रतिको प्रतिवद्धता र जनप्रतिनिधिको लगाव साधक बनेका छन्।यिनै आयम र पृष्ठभूमिमा स्थानीय सरकारले नागरिकको समृद्धि र उन्नयनको खाका कोर्दै आएको छ।

सभा सदस्य ज्यूहरु

***अब म आ.ब. ८१।८२ का नीति तथा कार्यक्रम तर्जुमाका आधार प्रस्तुत गर्दछु।***

नेपालको संविधानको भाग १९ मा स्थानीय आर्थिक कार्यप्रणाली सम्बन्धी व्यवस्था,अनुसूची-८ र ९ मा रहेको स्थानीय तहको एकल तथा साझा अधिकार सूची,विद्यमान संघीय,प्रादेशिक,स्थानीय सरकारका कानून,दिगो विकासका लक्ष्यहरु प्रमुख आधारका रुपमा रहेका छन्।स्थानीय सरकार संचालन ऐन,२०७४ तथा मालिका गाउँपालिका गाउँ कार्यपालिका(कार्यविभाजन)नियमावली, २०७४ बमोजिम गठित विभिन्न समिति(आर्थिक विकास समिति,सामाजिक विकास समिति,पूर्वाधार विकास समिति,सार्वजनिक सेवा तथा क्षमता विकास समिति,वन वातावरण तथा विपद व्यवस्थापन समिति,स्रोत अनुमान तथा बजेट निर्धारण समिति,बजेट तथा कार्यक्रम समिति,राजस्व परामर्श समिति),लेखा समिति, सुशासन समिति,शिक्षा समिति बाट प्राप्त सिफारिस,प्राथमिकिकरण,पृष्ठपोषण,सुझाव तथा सल्लाह लाई वार्षिक कार्यक्रम तर्जुमाको मुख्य आधारको रुपमा लिइएको छ।संघीय,प्रादशिक नीति,योजना, राष्ट्रिय लक्ष्य र गाउँपालिकाले तर्जुमा गरेको पन्चवर्षीय योजना, मध्यमकालिन खर्च संरचना लगायतका नीतिगत विषयलाई पनि आधार लिइएको छ।यसको साथै मालिका गाउँपालिकाको विकास र समृद्धिको लागि सरोकार राख्ने राजनीतिकर्मी,बुद्धिजीवि,समाजसेवी,विषयगत शाखा,कर्मचारी,शिक्षक,सरक्षाकर्मी,संचारकर्मी तथा सम्पूर्ण मालिकाबासीबाट प्राप्त राय,सुझाव तथा सल्लाह समेत वार्षिक कार्यक्रम तर्जुमाका आधार रहेका छन्।

सभा सदस्यहरु

माथि उल्लेखित प्रयासहरुलाइ सार्थक तुल्याउने तथा विकास र समृद्धिको लक्ष्य प्राप्तिको सन्दर्भमा गाउँपालिकाको लागि निम्न अवसर सिर्जना भएका छन।

- स्थानीय सरकारहरु संविधानतः स्थापना भई २२ वटा एकल अधिकार र १५ वटा साझा अधिकार किटान भएकोमा सोही आधारमा कानून निर्माण गरी प्रभावकारी शासन संचालनको आधार तयार हुनु।
- संविधान तथा कानूनले तय गरेका तहगत सरकारका बीच नीतिगत,कानूनी,संस्थागत र कार्यगत संरचनाहरुबीच समन्वय र अन्तरसम्बन्ध मजवुत हुनु साथै तीनै तहको सरकारले तर्जुमा गर्ने योजना,नीति,मध्यमकालिन खर्च संरचना, बजेट र बार्षिक कार्यक्रमबीच Vertical र Horizental अन्तरआबद्धता सकारात्मक हुनु।
- गाउँपालिकाको आ.ब. ८०।८१ देखि ८४।८५ सम्मको लागि तर्जुमा गरिएको प्रथम पन्चवर्षीय आवधिक योजना र मध्यमकालिन संरचना(आ.ब. ८१।८२ देखि ८३।८४) लाई दिगो विकासका लक्ष्यहरु(२०१५-२०३०) सँग आन्तरिकीकरण गरी स्पष्ट लक्ष्य निर्धारण भई विकासको मार्गचित्र तयार हुनु।
- भौगोलिक रुपमा विविधता भएको गाउँपालिका विभिन्न पर्यटकीय सम्भावना तथा रैथाने तथा स्थानीय उत्पादन, विभिन्न कच्चा पदार्थको उपलब्धताका कारण आर्थिक विकासको मार्गचित्र प्रशस्त हुनु
- गाउँपालिकाको प्रशासकिय भवन,वडा कार्यालय,स्वास्थ्य चौकी,शाखा कार्यालयहरुको सुदृढीकरण हुँदै गएको साथै सूचना प्रविधिको पहुँच क्रमश विस्तार हुँदै जाँदा सार्वजनिक सेवा प्रवाहलाई छिटो,छरिता तथा नागरिकमैत्री बनाउने अवसर हुनु।

सभा सदस्य ज्यूहरु

***उल्लेखित अवसरको साथै हाम्रो समक्ष विभिन्न चुनौती समेत रहेका छन्।***

- बहुआयमिक रुपमा नागरिकको समग्र जीवनयापनमा आउने सामाजिक वैधता सहितको अर्थपूर्ण, मापनयोग्य र दिगो सकारात्मक परिवर्तन गर्नु।
- मालिकाको विकासको निमित्त सघं,प्रदेश,निजी क्षेत्र,सहकारी,नागरिक समाज लगायत सम्बद्ध सरोकारित पक्षको सार्थक सहभागिता जुटाउनु
- आन्तरिक रोजगारीका सीमित अवसरका कारण वैदेशिक रोजगारीका लागि युवा जनशक्ति पलायन हुनु

- पर्याप्त अवसरहरुको कमी र भौगोलिक विकटताको कारण भईरहेको बसाईसराइ रोक्नु।
- गाउँपालिकाको कठिन भौगोलिक परिवेश तथा पर्याप्त जनशक्तिको अभावको कारण प्रभावकारी सेवा प्रवाहमा कठिनाई हुनु।
- गाउँपालिकाको न्यून आन्तरिक आय र सीमित स्रोत साधनको प्रयोग गरी विकास निर्माणका कार्यलाई मालिकाबासीको इच्छा,आकाक्षां अनुरुप सम्पादन गर्नु
- जलवायु परिवर्तनजन्य विपद ,बेमौसमी वर्षा तथा सुख्खापन जस्ता कारणबाट उत्पादन र उत्पादकत्वमा ह्रास आइ रोजगारी आय र मानिसको जीवनयापनमा परेको असर न्यूनीकरण गर्नु

सभा सदस्य ज्यूहरु

***अब म चालु आ.ब.८०/८१ को हालसम्मको प्रमुख उपलब्धिहरुलाइ संक्षिप्त रुपमा प्रस्तुत गर्दछु।***

- गाउँपालिकाको हाल जेष्ठ मसान्त सम्म आइपुग्दा ६५.८५ प्रतिशत,जसमध्ये चालुतर्फ ६७.४४प्रतिशत,पुँजीगत तर्फ ६२.७२प्रतिशत प्रगति भएको छ।जसमा आर्थिक विकास तर्फ ४८.९९ प्रतिशत सामाजिक विकास तर्फ ६५.२२ पूर्वाधार विकास तर्फ ७०.९७ प्रतिशत वन वातावरण र विपद व्यवस्थापन तर्फ ४३.२६ प्रतिशत र संस्थागत विकास र सुशासन तर्फ ६८.३६ प्रतिशत प्रगति देखिएको छ।
- आ.ब. ७९/८० मा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको प्रतिवेदन अनुसार देशभरका स्थानीय तहमा तृतिय र गाउँपालिकामा देशभरमै प्रथम स्थान हासिल गर्न सफल भएका छौं।
- आ.ब. ७९/८० को अन्तिम लेखापरीक्षण प्रतिवेदनबाट ०.६८ प्रतिशत बेरुजु कायम भई मालिका गाउँपालिका जिल्लामै कम बेरुजुमा दोस्रो स्थान प्राप्त गर्न सफल भएका छौ।
- मालिका गाउँपालिकाको प्रशासकिय भवनको करिब ८५ प्रतिशत प्रगति भएको छ । वडा नं १ को कार्यालयले आफ्नै भवनबाट सेवा प्रवाह सुरु गरेको छ।वडा नं ५को छापमा भएको जीर्ण भवनलाइ मर्मत गरी सामुदायिक स्वास्थ्य ईकाइ भवनको रुपमा प्रयोग गरिएको छ।वडा नं २ को च्यानडाँडामा सामुदायिक स्वास्थ्य ईकाइको भवन निर्माण गरी गरिएको छ।

- सामाजिक सुरक्षा भत्ता वितरण पूर्णत अनलाइन प्रणाली(EFT) मार्फत हुने गरेको छ। साथै अशक्त असहाय नागरिकहरुलाइ टोलटोलमा वितरण गरिएको छ।
- स्थानीय सरकार संचालन ऐन,२०७४ र मालिका गाउँपालिका कार्यविभाजन नियमावली,२०७४ बमोजिम मौजुदा संरचना दरबन्दी कर्मचारी संख्याको पुनरावलोकनका लागि संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी गाउँसभाबाट स्वीकृत गरी लुम्बिनी प्रदेश मुख्यमन्त्री कार्यालयमा पेश गरिएको छ।
- मालिका गाउँपालिकाको आवधिक योजना र वार्षिक बजेटलाई तादम्यता मिलाउन र सार्वजनिक खर्चलाई वैज्ञानिक बनाउनका लागि मध्यमकालिन खर्च संरचना तयार गरि कार्यान्वयन गर्न लागिएको छ।
- समृद्ध मालिका निर्माण गर्नको लागि सडक सन्जाल विस्तार तथा स्तरोन्नतीलाइ प्राथमिकता दिइ गाउँपालिका देखि वडा केन्द्र सम्म जोड्ने सडक निर्माण ग्राभेल तथा मर्मत सम्भार गरि सडकको विस्तार र विकासलाइ महत्व दिइएको छ। यस आ.ब.मा १२ कि.मि. नयाँ सडक, १४ कि.मि स्ट्रक्चर सहितको ग्राभेल,५०० मिटर आर सि.सि.ढलान तथा करिब ६० कि.मि. सडकको स्तरोन्नती गर्ने कार्य सम्पन्न भएको छ।
- कृषि तथा पशु विकासमा आधारित उद्यमशीलता परियोजना अन्तर्गत ४४ वटा व्यवस्थित बाख्रा खोर निर्माण,५३ वटा भकारो सुधार, २६३ उन्नत जातका बाख्रा वितरण,३७ वटा उन्नत जातका बोका वितरण, ५५ वटा बंगुर वितरण, १०४ घार मौरी घार वितरण, ३३९ क्वीन्टल उखुको विउ वितरण, लोकल जातका ६०५० कुखुरा वितरण, विभिन्न मेसिनरी औजार ५ वटा, २७ वटा तौल मेसिन, ३३ वटा स्थायी टनेल निर्माण लगायत विभिन्न कृषकसमूह,महिला समूह,सहकारीहरुलाई क्षमता विकास तालिम संचालन गरिएको छ। जसको फलस्वरुप ४२३ घर परिवार कृषि तथा पशु उद्यमी तर्फ आकर्षण हुने देखिएको छ भने आगमी वर्षदेखि मासु,अण्डा,तरकारी,मौरी र उखुजन्य उत्पादनमा आत्मनिर्भर बन्ने सम्भावना रहेको छ।
- वडा र गाउँपालिकामा विद्युतीय हाजिरि प्रणाली जडान,कार्यलयको सुरक्षाको लागि वडा तहमै CCTV जडान गरी गाउँपालिकादेखि अनुगमन,सहकारीहरुको क्षमता विकास,भूमिहीन सुकम्बासीहरु निस्सा वितरणको अन्तिम रुप,बाल विवाह तथा महिला

हिंसा  न्यूनीकरण सम्बन्धी सचेतना कार्यक्रम,कर्मचारी र जनप्रतिनिधिहरुको क्षमता विकास तालिम, निशुल्क स्वास्थ्य शिविर, विद्यार्थीसँग अध्यक्ष कार्यक्रम तथा उपाध्यक्षसँग अभिभावक कार्यक्रम लगायतका मुख्य कार्यक्रम संचालन भएका छन्।

सभा सदस्य ज्यूहरु अब म मालिका गाउँपालिकाको आ.ब.८१/८२ को वार्षिक नीति तथा कार्यक्रम पेश गर्दछुः

***<u>आर्थिक विकास</u>***

***कृषि/पशुः***

१. मालिका गाउँपालिका भित्र रहेका युवा उद्यमी तथा कृषकहरुको उद्यमशीलता प्रवर्द्धन मार्फत जीविकोपार्जन सुधार गर्न कृषि तथा पशु विकासमा आधारित युवा उद्यमशीलता विकास परियोजना कार्यक्रमलाइ निरन्तरता दिइनेछ।

२. गाउँपालिका भित्रका पशुपालन व्यवसायहरुको विशिष्टीकरण,पशुपंक्षीको नश्ल सुधार आहारको व्यवस्था तथा स्वास्थ्य सेवामा उन्नत प्रविधि र प्राविधिक पहुँचको लागि एक भेटेनरी डाक्टरको व्यवस्था गरिनेछ।

३. पशुपालनको क्षेत्रमा आधुनिक अभ्यासको अनुसरण र पशुको आहार सुधार गर्नेतर्फ ध्यान केन्द्रित गरी पशुजन्य उत्पादन र सोमा आधारित उद्योग तथा व्यवसायलाइ प्रोत्साहन गरिनेछ।पशुपंक्षीको रक्षा गर्दै लम्की स्किन डिजिज लगायतका महामारी र अन्य रोग नियन्त्रणका लागि खोप कार्यक्रम संचालन गरिनेछ।

४. कृषियोग्य जमिनमा सिँचाईको विस्तार गरी बाह्रै महिना सिँचाइ सुविधा पुर्याउने तथा सिँचाई प्रणालीको व्यवस्थापनलाई सुदृढ बनाउन आवश्यक बजेटको व्यवस्था गरिनेछ।

५. गाउँपालिकाभित्र रहेका बहुमुल्य जडीबुटीहरु चिराइतो,टिम्मुर,सतुवा,पाँचऔंले लगायतका बस्तुहरुको रोपण र उत्पादनको लागि कृषकहरुलाई प्रोत्साहन गरिनेछ।

६. विभिन्न किसिमका कृषिजन्य यान्त्रिक उपकरणको मर्मत सम्भार गर्नको लागि प्रत्येक वडामा दुई जना प्राविधिक जनशक्ति उत्पादन हुने गरी आवश्यक सीप विकास,तालिमको व्यवस्था गरिनेछ।

७. एक वडा दुई उत्पादन कार्यक्रम अन्तर्गतःवडा नं १ मा बंगुर र मौरी, वडा नं २ मा बाख्रा र आलु, वडा नं ३ मा बाख्रा र उखु , वडा नं ४ मा आलु र मकै , वडा नं ५ मा बाख्रा र हलुवावेद, वडा नं ६ मा मौरी र धान , वडा नं ७ मा केरा र कफी, वडा नं ८ मा बेसार र कफी उत्पादन लाई व्यवसायिक रुपमा संचालन गरिनेछ।

८. कृषि क्षेत्रको आधुनिकीकरण तथा समयानुकूल विकासको निमित्त कृषिमा यान्त्रीकरण गर्दै हाते ट्याक्टर,कन्सेलर,कोदो चुट्ने मेसिन लगायतका मेसिनरी औजारहरु लागत साझेदारीमा वितरण गरिनेछ।

९. वडा नं ५ मा तरकाली बाली उत्पादन कार्यक्रम साथै वडा नं ६ मा मौरी प्रवर्द्धन कार्यक्रम संचालन गरिनेछ।

१०. बढ्दो बसाइसराइले गर्दा उपयोगमा नआएका तथा बाँझो जमिनमा कृषि खेती प्रवर्द्धन गर्न युवा लक्षित सहकारी तथा सामुदायिक खेती प्रणालीलाई प्रोत्साहन गर्ने नीति लिइनेछ।

११. मालिका गाउँपालिकालाइ अर्गानिक पालिकाको रुपमा स्थापित गर्नको लागि सबै ८ वटामा भर्मकम्पोष्ट र झोलमोल बनाउने सम्बन्धी तालिम प्रदान गरिनेछ।

१२. Low Volume High Value Products अन्तर्गत गाउँपालिका भित्रका विभिन्न वडाहरुमा अलैची,अदुवा र बेसार खेतीको व्यवसायिक रुपमा विस्तार गर्ने कार्यक्रम संचालन गरिनेछ।

१३. तरकारीमा आत्मनिर्भर बनाउने उद्देश्यका अनुरुप "एक घर एक करेशाबारी" कार्यक्रम संचालन गरिनेछ।सो को लागि लागत साझेदारीमा टनेल वितरण कार्यक्रम संचालन गरिनेछ।

१४. पुष्पजन्य व्यवसायलाई प्रवर्द्धन गर्दै गाउँपालिका भित्र संचालन हुने सम्पूर्ण सार्वजनिक कार्यक्रमहरुमा फूलहरुको प्रयोग र व्यवसायिक उत्पादन बढाउन ***"एक घर एक बगैंचा कार्यक्रम"*** संचालन गरिनेछ।

१५. व्यवसायिक पशुपालक कृषकहरुलाई डालेघाँस तथा भुँई घाँसका विरुवा/बिउ उत्पादन, वितरणलाइ निरन्तरता दिदै यसको प्रभावकारिताको लागि प्रत्येक वडामा क्षमता विकास तालिम संचालन गरिनेछ।

१६. पाडी बेच्ने प्रचलन बढी भएकोले त्यसको न्यूनीकरण गर्नको लागि पहिलो बेत व्याउने पाडी सुत्केरी हुँदा प्रोत्साहन अनुदानलाइ निरन्तरता दिइनेछ।

१७. कृषकहरुलाई व्यवसायिक तथा सुरक्षित बनाउने लागि बाली तथा पशुपंक्षी वीमा कार्यक्रम निरन्तरता दिइनेछ।

१८. कृषि,पशुपंक्षी तथा मत्स्य तथ्याङ्क अद्यावधिक कार्यक्रम संचालन गरिनेछ।

१९. गाउँपालिकामा  दर्ता भएका कृषि तथा पशुपंक्षी फर्महरुलाई प्रोत्साहन गरिनेछ।

२०. कृषकहरुको मागलाई मध्यनजर गरी ***मागमा आधारित तालिम*** संचालन गरिनेछ।

२१. पशु तथा बाली स्वास्थ्यलाई ध्यानमा राखी सम्पूर्ण वडामा ***पशु स्वास्थ्य शिविर तथा बालि शंरक्षण शिविर कार्यक्रम*** संचालन गरिनेछ।

२२. मालिका गाउँपालिकाको पन्चवर्षीय आवधिक योजना (२०८०।८१-२०८४।८५) आधारमा पन्चवर्षिय कृषि विकास रणनीति तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

२३. जंगली बन्यजन्तुबाट परेको क्षति न्यूनीकरण गर्न सम्बन्धित निकायसँग समन्वयमा बाली संरक्षणको लागि आवश्यक व्यवस्था गरिनेछ।

२४. कृषि र कृषकलाइ प्रवर्धन गर्न प्रतिफलमा आधारित प्रोत्साहन अनुदानलाइ निरन्तरता दिइनेछ।कृषि पेशालाइ मर्यादित र सम्मानित बनाउन कृषि र पशुपंक्षि क्षेत्रमा उत्पादन वा प्रविधि हस्तान्तरणमा उदाहरणीय योगदान पुर्याउने कृषकलाइ सम्मान गरिनेछ।

२५. धार्मिक दृष्टिकोणले महत्वपूर्ण तथा कृषि र पशुपालनको दृष्टिले उपयुक्त गाई गोरुपालन गर्ने कृषकलाई प्रोत्साहन गरिनेछ।

२६. औषधिजन्य हिसाबले उपयुक्त मानिएको गाँजालाई उत्पादनको प्रकृया अगाडि बढाउन संघीय सरकार,प्रदेश सरकार सँग समन्वय गरी सम्भ्यावता अध्ययन गरिनेछ।

***उद्योग, पर्यटन,व्यवसाय,सहकारी:***

२७. स्थानीय तहमा आर्थिक सशक्तिकरण तथा व्यवसाय सीप, उद्यमशीलता तथा औद्योगिक प्रवर्द्धन,विशिष्टिकृत बस्तु उत्पादन रोजगारी वृद्धि गरी स्थानीय बासिन्दाको आर्थिक अवस्था सुदृढ गरिनेछ।

२८. गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गत लघु उद्यम विकास मोडेलमा नयाँ लघु उद्यमी सिर्जना गर्नको लागि तालिम संचालन गरिनेछ।

२९. युवा युवतीहरुको पलायन रोक्नको लागि इलेक्ट्रीसियन,हेयर कटिङ्ग,ड्राइभिङ्ग,पलम्बिङ्ग,सिलाइकटाइ,बुटिक,सेनिटरी प्याड निर्माण,पेन्टिङ्ग जस्ता सीपमूलक तालिम संचालन गरिनेछ।

३०. वनमारा झारबाट ब्रिकेट कोइला उत्पादन कार्यक्रम सुरुवात गरिनेछ ।

३१. ***"हाम्रो उत्पादन हाम्रो स्वाभिमान"*** अन्तर्गत स्थानीय उत्पादनलाइ प्रवर्द्धन र उपयोग गरिनेछ।रोजगारी र उद्यमशीलता उन्मुख स्वरोजगारका लागि सीप पुँजी र व्यवसायिक तालिम उपलब्ध गराइनुका साथै सुरुवाती व्यवसाय गर्न आवश्यक पर्ने बीउ पुँजी सहुलियतपूर्ण व्याजदरमा उपलब्ध गराइनेछ।

३२. व्यवसायिक रुपमा उद्यम व्यवसाय गर्ने उद्यमी तथा कृषकहरुलाइ ब्यवसायिक प्रोत्साहन गर्नको लागि व्यवसायमा ब्याज अनुदान कार्यक्रमको दायरा विस्तार गरिनेछ।

३३. परम्परागत सीपहरुको संरक्षण प्रवर्द्धन तथा नागरिकको जीविकोपार्जनलाइ मजबुत बनाउन डोको, डालो, मान्द्रो, ठेका लगायतका परम्परागत सामाग्रीलाइ प्रवर्द्धन गरि व्यवसायिक बनाउने कार्यक्रमको नीति लिइनेछ।

३४. कृषि तथा पशु विकासमा आधारित साना किसान तथा युवा उद्यमशीलता विकास परियोजना मार्फत क्रमागत रुपमा २०० जना युवा उद्यमी सिर्जना गर्नको लागि ***युवा लक्षित कार्यक्रम*** संचालन गरिनेछ।

३५. ***"घुमौं मालिका चिनौं मालिका"*** भन्ने नारामा साथ वडा नं १ को तिखेचुली र ज्यामिरे गुफा ,वडा नं २ को बुढिकोट डाँडा र सैरे दह ,वडा नं ३ को विनोद स्मृति पार्क र मदाने लेक,वडा नं ४ को मालिका मन्दिर,पिस पार्क, चमेरे गुफा, वडा नं ५ को लेकपोखरा,वडा नं ६ को भिर्लेमेला,वडा नं ७ को कुमालगाउँ

मन्दिर ,वडा नं ८ को योगिकुटी,थानापती मन्दिर,मर्भुङ्ग कोट लगायतका स्थानमा पर्यटन प्रवर्द्धन कार्यक्रम संचालन गरिनेछ।

३६. पाहुना घर र होम स्टेको विकासका लागि निजी व्यवसायीसँग समन्वय गरी ग्रामीण पर्यटन प्रवर्द्धन गरिनेछ।पाहुना घरलाई स्थानीय संस्कृति,भेषभूषा,मौलिकता र परम्परागत पेशा,अर्गानिक तथा घरेलु उत्पादनसँग आबद्ध गरिनेछ।

३७. गाउँपालिकाभित्र रहेका सबै धार्मिक तथा साँस्कृतिक सम्पदाहरुको पहिचान अभिलेखिकरण प्रचार प्रसार तथा संरक्षण सर्वर्द्धन गरिनेछ।

३८. मालिका ८ सिमलटारीमा रहेको आध्यात्मिक ज्ञान केन्द्रलाई सकारात्मक सोँच विकास गर्ने केन्द्रको रुपमा स्थापित गरिनेछ।

३९. मालिका पिस पार्क निर्माणको कार्य सम्पन्न गर्ने, पार्क व्यवस्थापन तथा सुरक्षाको लागि संरक्षण समिति गठन गर्ने र आन्तरिक र बाह्य पर्यटन मार्फत आम्दानी प्राप्त गरी थप पर्यटकीय कृयाकलापहरु संचालन  गरिनेछ।

४०. वडा नं ६ अर्जै फूलबारीमा पर्यटन सूचना केन्द्र स्थापना गरिनेछ।

४१. आ.ब. २०७७/०७८ मा गाउँपालिकाको साझेदारीमा संचालन गरिएको प्यारागलाईडिङ्ग व्यवसायिक उडानलाइ निजी क्षेत्रको सहभागितामा नियमित उडानको लागि आवश्यक सहयोग र सहकार्य गरिनेछ।

४२. जनजातिहरुको विभिन्न परम्परागत संस्कृति तथा सम्पदाहरुको संरक्षण,प्रवर्द्धन र विकास गर्न मागमा आधारित कार्यक्रम संचालन गरिनेछ।

४३. गाउँपालिका भित्र रहेका सहकारी संस्थाहरुलाइ सुचना प्रविधिजन्य सामाग्रीबाट सुविधा सम्पन्न बनाउने उद्देश्यले लागत साझेदारीमा"***एक सहकारी एक ल्यापटप प्रिन्टर कार्यक्रम*** " ल्याइनेछ।

४४. सहकारीको संस्थागत विकास र व्यवस्थापकीय क्षमता विकासको लागि सहकारी शिक्षा,व्यवस्थापकीय(COPOMIS) तथा नेतृत्व विकास तालिम लगायतका कार्यक्रम संचालन गरिनेछ।

४५. वडा तहमा गठित भएका महिला सहकरीको सबलीकरण गर्दै संस्थागत बजारीकरण सम्बन्धी कार्यक्रम गरिनेछ।

४६. नागरिकहरुलाई सर्वसुलभ मूल्यमा खाद्यको पहुँचको सुनिश्चित गर्न खाद्य डिपो मार्फत सबै प्रकारका खाद्यान्नहरु उपलब्ध हुने व्यवस्था मिलाइनेछ ।साथै

स्थानीय उत्पादनको बजारीकरणको लागि खाद्य डिपो मार्फत आवश्यक सहकार्य गरिनेछ।

*श्रम तथा रोजगार*

४७. मर्यादित श्रम सहितको रोजगारीको सुनिश्चतता गरिनेछ।श्रमिकको हक अधिकार र न्यूनतम पारिश्रमिकको व्यवस्था गरिनेछ।"श्रमको सम्मान राष्ट्रको अभियान" अन्तर्गत गाउँपालिका भित्र संचालन हुने विकास आयोजनाहरुमा आवश्यक पर्ने दक्ष,अर्धदक्ष र अदक्ष  नागरिकहरुलाइ रोजगारीमा आबद्ध गराउन प्रधानमन्त्रीसँग साझेदारी र श्रमिकसँग साझेदारी कार्यक्रम संचालन गरिनेछ।

४८. स्थानीय विकास निर्माणमा स्थानीय स्तरमै रोजगारी सिर्जना गर्ने, श्रम परिचालन गर्ने मोडेलको विकास गर्ने बेरोजगार जनशक्तिको पहिचान शसक्तिकरण र सकारात्मक विभेद मार्फत समावेशी रोजगारीको प्रवर्द्धन गरिनेछ।

४९. गाउँ फर्क प्यारा अभियान अन्तर्गत वैदेशिक रोजगारीबाट फर्केका युवाहरुलाई उद्यमशील कार्यमा उत्प्रेरित गरी गाउँमा नै बस्ने वातावरण सिर्जना गरिनेछ।

५०. गाउँपालिकाको नीति निर्माण तथा निर्णय प्रकृयामा युवाहरुको सहभागिता भई युवामैत्री वातावरण सिर्जना गरिनेछ।

५१. राष्ट्रभाव भएको युवा निर्माण गर्न तथा युवालाइ राष्ट्र निर्माणको अभियानमा सकृय बनाउन **"निर्माणमा युवा परिचालन कार्यक्रम"** संचालन गरिनेछ।

५२. गाउँपालिका भित्र रहेका बेरोजगार युवाहरुलाइ रोजगारीका कार्यक्रममा सहभागी गर्न तथा आन्तरिक रोजगारीको प्रवर्द्धन गर्न आगामी वर्ष रोजगार रणनीति तयार गरि कार्यान्वयनमा लगिनेछ।

५३. श्रमिकको अधिकारको सम्मान तथा रोजगारीका क्षेत्रमा देखिएका समस्या,रोजगारीका सम्भावना तथा नागरिकलाइ रोजगारीमा आकर्षित गर्न रोजगार संवाद मन्चको कार्यक्रम संचालन गरिनेछ।

५४. रोजगार सेवा केन्द्रलाई श्रम बैङ्कको रुपमा स्थापना गरी गाउँपालिका भित्रका अदक्ष,अर्धदक्ष तथा दक्ष कामदारलाई सूचीकृत गर्ने र  गाउँपालिका भित्र सन्चालन हुने आयोजनाहरुमा त्यस्ता व्यक्तिहरुलाइ प्राथमिकता दिइनेछ।

५५. आ.ब. २०८१/८२ मा गाउँपालिका तथा वडा तहमा दक्ष कामदारको ज्याला तथा निर्माण सामाग्री गाउँपालिकाबाट लागत साझेदारी हुने गरी प्रधानमन्त्री रोजगार कार्यक्रमसँग साझेदारीमा आयोजनाहरु कार्यान्वयन गरिनेछ।

५६. वैदेशिक रोजगारीमा जाने व्यक्तिहरुको लागि श्रम स्वीकृति र पुनःश्रम स्वीकृतिको कार्य गाउँपालिकाको रोजगार सेवा केन्द्रमार्फत प्रदान गर्दै आएकोमा यसलाइ थप प्रभावकारी रुपमा संचालन गरिनेछ।

***सामाजिक विकासः***

***स्वास्थ्यः***

५७. संबिधानतः सुनिश्चित गरिएको आधारभुत स्वास्थ्य सेवा निशुल्क प्रदान गर्न स्वास्थ्य सेवा प्रदायकहरुलाई सबलीकरण गरी आधारभूत स्वास्थ्य सेवामा सर्वव्यापी पहुँच सुनिश्चित गर्दै निःशुल्क,गुणस्तरीय,विश्वसनीय र समतामूलक बनाउनुका साथै आकस्मिक सेवा बाट कुनै नागरिक लाई बन्चित नहुने गरी आवश्यक प्रवन्ध गरिनेछ।

५८. स्वास्थ्य सेवालाइ शहीद, बेपत्ता परिवार, द्धन्द्ध पीडित, गरिब, दलित ,अपाङ्गता भएका तथा उत्पीडित समुदायका व्यक्तिहरुलाइ समेत सर्वसुलभ र पहुँचयोग्य बनाउन ***स्वास्थ्य विमा कार्यक्रम*** मा गाउँपालिकाको सहभागितालाई बृद्धि गरिनेछ।

५९. ***"गुणस्तरीय स्वास्थ्य सेवा कम मूल्यमा"*** अवधारणा अबलम्बन गर्दै स्वास्थकर्मिहरुको ज्ञान,सीप र क्षमता विकास गरी दक्ष स्वास्थ्यकर्मी निर्माण गर्ने कार्यलाई प्राथमिकता दिइनेछ।

६०. स्थास्थ्य संस्थाको सेवा प्रवाहलाई नागरिकमैत्री बनाउन वडा नं ८ मर्भुङ्ग वडा नं १ नेटा वडा नं ५ छापहिले र वडा नं ४ अर्खबाङ्गमा थप पुँजीगत सुधार गरी भौतिक व्यवस्थापन र उपकरणको व्यवस्था गरिनेछ।

६१. वडा नं १,२ र ३ का नागरिकहरुलाइ स्वास्थ्य पहुँचको विस्तार गर्न दर्लिङ्ग स्वास्थ्य चौकीमा अत्याधुनिक उपकरण सहितको ल्याब आगामी वर्षदेखि संचालनमा ल्याइनेछ।

६२. गाउँपालिका भित्र रहेका सम्पूर्ण स्वास्थ्य चौकीहरुमा ग्रामीण अल्ट्राशाउण्ड विस्तार गर्दै निशुल्क रुपमा सुत्केरी र गर्भवती महिलाहरुलाई स्वास्थ्य सेवा प्रदान गरिनेछ।

६३. स्वास्थ्यवर्द्धक खाद्य पदार्थको प्रवर्द्धन,उत्पादन,प्रयोग र पहुँचलाई विस्तार गरी कुपोषणलाइ न्यूनीकरण गर्ने साथै खाद्य सुरक्षा सँगै महिला,बालबालिका तथा किशोर किशोरीको पोषणको अवस्थामा सुधार गरी आगामी वर्ष ***पोषणमैत्री गाउँपालिका*** घोषणा गरिनेछ।

६४. विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको स्वस्थ जीवनशैली प्रवर्द्धन गर्न विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम हरेक विद्यालयमा संचालन गरिनेछ।

६५. स्वास्थ्य संस्थामा रहेका एम्बुलेन्सलाई १२ महिना नै निवार्ध रुपमा संचालन गर्न आवश्यक व्यवस्थान मिलाइनेछ ।

६६. स्वास्थ्य संस्थाहरुको निरन्तर मुल्याङ्कन र गुणस्तर कायम गर्नको निम्ति न्युनतम सेवा मापदन्ड कार्यक्रम लाई निरन्तरता दिइनेछ।

६७. स्वास्थ्यकर्मी,महिला सामुदायिक स्वास्थ्य स्वंय सेविका,आमा समुहको प्रभावकारी परिचालन गर्न थप प्रोत्साहन गरिनेछ ।

६८. पुर्ण खोप,पुर्ण प्रसुति गाउँपालिका दिगोपना सु:निश्चितता लाई निरन्तरता दिईनेछ।

६९. स्वस्थ जीवनशैली निर्माण गर्न,योग आराधाना, सकारात्मक सोचको प्रवर्द्धन गर्ने, जडीबुटीको अध्ययन तथा अभिलेखीकरण गर्न नागरिक आरोग्य केन्द्र र आयुर्वेद गाउँघर क्लिनकको माध्यमबाट योग र आयुर्बेद कार्यक्रम संचालन गरिनेछ।

७०. गाउँपालिकाभित्र विशेषज्ञ स्वास्थ्य सेवाको सुविधा पर्याप्त नभएको हुँदा समय समयमा विशेषज्ञ स्वास्थ्य शिविर(आँखा शिविर,मुटु रोग,मधुमेह तथा मृगौला सम्बन्धी रोग,मुख तथा दन्त रोग,नाँक,कान,घाँटी र महिला रोग) विशेषज्ञ चिकित्सकहरुको माध्यमबाट स्वास्थ्य सेवाको सहज उपलब्धता गराइनेछ।

७१. भौगोलिक रुपमा दुर्गम क्षेत्रमा बसोबास गर्ने सुत्केरी,गर्भवती महिलालाई स्वास्थ्य संस्थासम्म आइपुग्न आमा सुरक्षा कार्यक्रम मार्फत विशेष सहुलियत प्रदान गरिनेछ।

***शिक्षाः***

७२. शिक्षण पेशालाइ मर्यादित र आकर्षक बनाउन विशेष प्याकेजको व्यवस्था गरिनेछ। विषय विद्यार्थी अनुपातको आधारमा शिक्षक दरबन्दी पुनराबलोकन गरी न्यूनतम शिक्षकको व्यवस्था गरिनेछ। "***हाम्रो स्कुल बनाउँ राम्रो स्कुल***" अभियान अन्तरगत सामुदायिक विद्यालयहरुमा स्थानीय तहबाट विषयगत दक्ष शिक्षक दरबन्दीको व्यवस्था मिलाइनेछ।

७३. सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर वृद्धि र स्त्तरीकरणको सूचक सहित मापदण्ड विकास गरी कार्यान्वयनमा ल्याउनको लागि शिक्षाको गुणस्तरीयता सँग सरोकार राख्ने व्यक्तिहरुको छूट्टै विशेषज्ञ सहितको विज्ञ समूह गठन गरिनेछ,जसले प्रत्येक महिना शिक्षा सुधारका सवालमा सकारात्मक सुझाव प्रदान गर्ने व्यवस्था मिलाइनेछ।

७४. आर्थिक वर्ष ८०/८१ मा शैक्षिक सुधार वर्ष घोषणा गरिएकोमा सकारात्मक नतिजा आएकोले आगामी तीन वर्ष(८१/८२-८३/८४) सम्मको लागि ***शैक्षिक अवस्था सुदृढीकरण अभियानको*** रुपमा कार्यान्वयन गरिनेछ।

७५. अति विपन्न,अशक्त परिवार तथा फरक क्षमताका बालबालिकाहरुलाइ सिकाइमा सहजीकरण गर्न"***मालिका गाउँपालिका सबैको आस्था,सुधारिदिन्छ सबैको अवस्था***" भन्ने कार्यक्रम संचालन गरी सोको लागि आवश्यक छात्रावृत्तिको व्यवस्था गरिनेछ।

७६. भौगोलिक रुपमा छरिएर रहेको वस्ती तथा बढ्दो बसाइसराइका कारण विद्यार्थीको संख्या घट्दै गएको हुँदा क्रमशःएक वडा एक आवसीय माध्यमिक विद्यालयको नीति अबलम्बन गरिनेछ।

७७. गाउँपालिकाका कक्षा ११ र १२ संचालनमा रहेका विद्यालयहरुमा विद्यार्थीहरुलाइ उद्यमशीलता,स्वरोजगारी र स्वावलम्बी भाव सिर्जना गर्न ***"पढ्दै कमाउदै तथा सिक्दै कमाउदै कार्यक्रम"*** हरु संचालन गरी विद्यालयमै करेशाबारी निर्माण गर्ने,मौरी पालन गर्ने जस्ता नमूना कार्यक्रमहरु संचालन गरिनेछ। साथै विद्यार्थीमा अन्तरनिहित विशिष्ट प्रतिभाको पहिचान प्रफुस्टन गराउने उद्देश्यका साथ फाइडे फर फ्यूचर ***(Friday for Future)*** कार्यक्रम संचालन गरिनेछ।

७८. सामुदायिक विद्यालयको गुणस्तर सुधारका निमित्त विद्यालय व्यवस्थापन समिति,अभिभावक संघ तथा समग्र अभिभावकहरुको क्षमता विकास गर्न ***"अभिभावक शिक्षा कार्यक्रम"","विद्यालय र विद्यार्थी प्रोत्साहन कार्यक्रम", "शैक्षिक जागरण अभियान कार्यक्रम"*** संचालन गरिनेछ।

७९. ***"सबै बालबालिकाहरुलाई स्वच्छ खानेपानीको पहुँच"*** अभियान अन्तर्गत सबै विद्यालयहरुमा स्वच्छ खानेपानीको व्यवस्था गर्न विद्यालय रहेको ठाउँ,विद्यार्थी संख्या,पानीको स्रोतको उपलब्धता आदिको आधारमा विभिन्न विकल्पहरुको प्रयोग गरी खानेपानीका धारा,ट्याङ्की पानी शुद्धिकरण गर्ने संयन्त्रको निर्माण गरी शुद्ध खानेपानीको सुनिश्चतता गरिनेछ।

८०. विद्यालयहरुमा सबै उमेर समूहका बालबालिकाहरुलाई उपयुक्त हुने गरी खेलकुद पूर्वाधार निर्माण गर्ने कार्यको थालनी गरिनेछ।बालबालिकाहरुलाई उनीहरुको उमेर अनुसारको खेल पूर्वाधार निर्माण तथा खेल सामाग्री हस्तान्तरण गर्ने कार्यक्रम संचालन गरिनेछ।

८१. ***"शैक्षिक सुधारका लागि विद्यालयको कक्षा कोठासम्मको प्रयत्न"*** नाराका साथ विद्यालयको नियमित सुपरीवेक्षण,अनुगमन,मेन्टरिङ्ग कार्यक्रमहरु संचालन गरिनेछ।

८२. विद्यालयका कक्षा कोठाहरु बालमैत्री बनाउने,बुक कर्नर व्यवस्थापन तथा शैक्षिक सामाग्री निर्माणका कार्यहरु अगाडि बढाइनेछ।

८३. शिक्षक तथा सरोकारवालाहरुको शैक्षिक अन्तरकृयालाइ व्यवस्थित गर्न ***शैक्षिक सम्मेलन*** आयोजना गरिनेछ।

८४. गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरुमा शिक्षा ऐन र नियमावलीमा गरिएको व्यवस्था अनुसार खुला प्रतिस्पर्धाको माध्यमबाट प्रध्यानाध्यापक छनौट गरी निश्चित कार्यकालको नियुक्ति गर्ने नीति लिइनेछ।

८५. अन्तरविद्यालय शैक्षिक अनुभव आदानप्रदान गर्न अन्तरविद्यालय लघु भ्रमण कार्यक्रम नमूनाको रुपमा अगाडि बढाइनेछ।

८६. गाउँपालिकाले कक्षा १ देखि कक्षा ८ सम्म लागु गरेको स्थानीय पाठ्यपुस्तक***"हाम्रो मालिका"***लाई प्राप्त पृष्ठपोषण र सुझावको आधारमा सुधार,परिमार्जन, संसोधन र छपाइ गरी निशुल्क वितरण गर्ने नीति लिइनेछ।

८७. विद्यालयको नतिजामा गुणस्तरीयता ल्याउन गाउँपालिका, विद्यालय र अभिभावकको त्रिपक्षीय साझेदारीमा ***Semi Hostel*** को कार्यक्रमलाइ थप व्यवस्थित गराइ निरन्तरता दिइनेछ।

८८. आधारभूत र प्राथमिक तहका विद्यालयको लागि क्रमागत रुपमा "***एक विद्यालय एक कम्प्यूटर प्रिन्टरको*** "व्यवस्था गरिनेछ।

८९. सबै तहको शिक्षक आपुर्तिलाई सहज बनाउन शिक्षक बैङ्क व्यवस्थित गर्ने नीति अबलम्बन गरिनेछ।

९०. आधारभूत र माध्यमिक तहसम्मको परीक्षालाइ प्रतिस्पर्धात्मक र अनुमानयोग्य बनाउन कक्षा ४ देखि कक्षा ९ सम्मको परीक्षा गाउँपालिका स्तरीय बनाइनेछ।

९१. एकै स्थानमा पाँच वर्ष काम गरेको शिक्षकलाइ जेष्ठता र अनुकूलनका आधारमा ***आन्तरिक सरुवा*** गर्ने नीति लिइनेछ।

९२. मालिका माध्यमिक विद्यालयमा विज्ञान विषयको पढाइको सुरुवात गर्ने साथै स्मार्ट विद्यालयको रुपमा स्तरोन्नती गरी प्रविधिको माध्यमबाट पठनपाठनको व्यवस्था मिलाइनेछ।

९३. संस्कृत भाषा,मगर भाषा तथा अन्य स्थानीय भाषा र नेपालीपनको संरक्षणको लागि भाषा तथा संस्कृति संरक्षण कार्यक्रम ल्याइनेछ र योग शिक्षा साथै नित्य कर्म तथा साधरण पूजा पाठको काम गर्न सिक्न इच्छुकको लागि ऐच्छिक रुपमा आवश्यक प्रवन्ध गरिनेछ।

९४. शिक्षा क्षेत्रसँग सम्बन्धित विभिन्न संघ,संस्थाहरुःजस्तै ब्रिटिश काउन्सिल,युनाइटेड वलर्ड स्कुल,नेपाल,रातो बंगाला,कारखाना समूह आदिसँग सहकार्य गरि शिक्षाका नवीनतम अभ्यासको आदान-प्रदान गर्दै शिक्षालाई अन्तराष्ट्रिय मापदण्ड तथा गुणस्तर बमोजिम बनाउन पहल गरिनेछ।

९५. हरेक माध्यमिक र आधारभूत विद्यालयहरुमा विज्ञान प्रयोगशाला,कम्प्युटर ल्याब,ईन्टरनेट जडान, WASH सहितको शौचालय निर्माणका कार्यलाई क्रमशः पुरा गरिनेछ।

९६. स्थास्थ्य चौकीको र नागरिक आरोग्य केन्द्रको समन्वयमा विद्यालयमा स्वास्थ्य शिक्षा कार्यक्रम अभियानका साथ संचालन गरिनेछ।

९७. विद्यालयको भौतिक निर्माण साथै सुरक्षाको लागि तारबार तथा घेराबारको व्यवस्था गरिनेछ।

९८. जीवन पर्यन्त अनौपचारिक तथा जीवन उपयोगी शिक्षाको विस्तारको लागि सामुदायिक अध्ययन केन्द्रलाइ थप कृयाशील बनाइनेछ।

९९. शिक्षकहरुको लागि विषयगत तालिम,कार्यशाला,गोष्टी तथा क्षमता विकास कार्यक्रमको व्यवस्था गरिनेछ।

१००. सामुदायिक विद्यालयहरुलाई शैक्षिक नतिजामा आधारित अनुदानको व्यवस्था गरिनेछ।

१०१. शिक्षा सुधारमा उल्लेखनीय योगदान पुर्याउने अभिभावक, विद्यार्थी, शिक्षक, प्रध्यानाध्यापक, विद्यालय व्यवस्थापन समिति लाई प्रोत्साहन तथा सम्मान कार्यक्रम संचालन गरिनेछ।

१०२. विद्यालय क्षेत्रलाई शान्ति क्षेत्रको रुपमा स्थापित गर्दै पठनपाठनलाई खलल पुर्याउने कुनै पनि प्रकारका गतिविधिहरुलाई पूर्ण रुपमा निरुत्साहित गर्दै विद्यालयमा सुशासन कायम गर्ने नीति लिइनेछ।

***युवा तथा खेलकुदः***

१०३. गाउँपालिका स्तरीय खेलकुद विकास समिति गठन गरि बार्षिक खेलकुद कार्यक्रमको कार्यतालिका निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ।

१०४. अन्तर स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीबीच समन्वय,सहकार्य र सुमधर सम्बन्ध बढाउन तथा गाउँपालिका भित्रका शिक्षक,कर्मचारी तथा युवा कल्बहरुको खेल क्षेत्रमा प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि ***गर्न मालिका रनिङ्ग शिल्ड***को आयोजना गरिनेछ।

१०५. विद्यालयहरुमा खेल कार्यक्रमहरु संचालन गर्न तथा खेलकुद सम्बन्धी आवश्यक तालिम प्रदान गर्न खेल प्रशिक्षकको व्यवस्था गर्ने नीति लिइनेछ।

१०६. गाउँपालिका भित्र रहेका विद्यार्थीहरुको अन्तरनिहित क्षमता प्रफुष्टन गर्न तथा विद्यालय स्त्तरीय खेल क्षेत्रको विकास गर्न राष्ट्रपति रनिङ्गशिल्ड कार्यक्रम संचालन गरिनेछ।

१०७. विद्यालयका छात्रछात्राहरुमा जीवनउपयोगी सीप प्रवर्द्धन गर्न रेडक्रम,स्काउट,रोटरी कल्ब लगायतका संघ संस्थाहरुसँग साझेदारी गर्ने कार्यक्रम गरिनेछ।

***पूर्वाधार विकासः***

१०८. ***"सडक पूर्वाधारको विकासः मालिकाको समृद्धिको आधार"*** भन्ने नारालाइ आत्मसाथ गर्दै सडक पूर्वाधारलाइ आवश्यकता औचित्यतता र सान्दर्भिकताको आधारमा व्यवस्थित गरी दिगोपना सुनिश्चित गर्ने नीतिका साथ  सडक निर्माणका कार्यक्रम संचालन गरिनेछ।

१०९. योजनाबद्ध र वातावरणमैत्री पूर्वाधार दिगो विकासको पहिलो आधार भन्ने नारालाइ मूर्तरुप दिन रणनैतिक महत्वका सडकहरुको क्रमागत आयोजनालाई उच्च प्राथमिकता दिइ वातावरणमैत्री संरचनामा जोड दिइनेछ।

११०. प्रदेश सरकारबाट निर्माणाधिन गाउँपालिका पहुँच मार्गको कार्यप्रगति न्यून रहेको व्यहोराप्रति गाउँपालिकाको ध्यानाकर्षण भएकोले त्यसको लागि गाउँपालिकाको तर्फबाट आवश्यक सहजीकरण,समन्वय,अनुगमन तथा पृष्ठपोषण गरिनेछ।

१११. उपभोक्ता समितिबाट जटिल प्रकृतिका आयोजनाहरु तथा ठूला आयोजनाहरुको कार्यान्वयन गर्दा उत्पन्न हुने समस्याहरुलाइ मध्यनजर गरी त्यस्ता आयोजनाहरुलाइ ठेक्का प्रकृयाबाट कार्यान्वयन गर्न प्राथमिकता दिइनेछ। साथै उपभोक्ता समितिबाट हुने कामलाइ प्रतिस्पर्धी र गुणस्तरीयता गराउन प्राथमिकता दिइनेछ।

११२. मालिका गाउँपालिकाको पन्चवर्षिय योजनाले ***परियोजना बैङ्कमा*** उल्लेख गरेका आयोजनाहरुको क्रमश प्राथमिकताका आधारमा कार्यान्वयन गरिनेछ।

११३. निर्माण भएका सडक तथा भौतिक संरचनाहरुको मर्मत सम्भारको लागि मर्मत सम्भार कोषको प्रभावकारी कार्यान्वयन गरिनेछ। सडकहरुको मर्मत सम्भार गर्दा स्थानीय श्रमको उपयोग गर्नको लागि सम्भव भए सम्म लेन्थ वर्कर मार्फत गराइनेछ।

११४. पूर्वाधार निर्माण सम्बन्धी कार्यक्रमहरु संचालन गर्दा विभिन्न दातृनिकाय,साझेदार संस्थासँग समन्वय गरि संचालन गरिनेछ।

***सडक पूर्वाधारः***

११५. गाउँपालिकाको सडक यातायात गुरुयोजना अनुरुप सडकको ***Right of Way*** कायम गरी नक्सा पास कार्य शुरुवात गरिनेछ।

११६. आगामी आर्थिक वर्षमा अनिवार्य आवश्यकता बाहेक नयाँ सडक निर्माण गरिने छैन । नयाँ सडक निर्माण गर्दा तथा पुराना सडकको स्तरोन्नति गर्दा अनिवार्य रुपमा नाली निर्माण गर्ने नीति लिइनेछ। साथै ***Bio Engineering*** कार्यक्रम मार्फत सडकको दाँयाबाँया विभिन्न प्रकारका भूक्षय नियन्त्रण गर्ने विरुवाहरुको रोपण कार्यक्रम अभियानको रुपमा संचालन गरिनेछ।

११७. गाउँपालिका भित्र विभिन्न झोलुङ्गे पुल तथा ट्रस पुल निर्माणको कार्य क्रमागत रुपमा सिर्जनशील सामुदायिक विकास केन्द्र,गुल्मीको प्राविधिक सहायतामा गरिनेछ।

११८. संघीय सरकारको साझेदारीमा तपशीलका आयोजनाहरुको कार्यान्वयन गरिनेछः

- फूलबारी चोरकाटे अर्जै,बोम,नेटा भिमगिठे सडकको क्रमागत रुपमा स्टक्चर निर्माण गरि ग्राभेलमा स्तरोन्नति गरिनेछ।

११९. प्रदेश सरकारसँगको साझेदारीमा निम्नानुसारका आयोजना संचालन गरिनेछः

- नेटा दर्लिङ्ग गंगरे मोटरबाटो वडा नं १,२,३
- फूलबारी चोरकाटे अर्जै बोम नेटा भिमगिठे सडक
- सिमलटारी मर्भुङ्ग मैदान अर्खाबाङ्ग मोटरबाटो

१२०. संघीय र प्रदेश सरकारसँगको साझेदारीमा मालिका गाउँपालिकाबाट देहायका आयोजनाहरु कार्यान्वयन गरिनेछ।

- नेटा दर्लिङ्ग गंगरे सडक मालिका १,२,३
- ओडारमुनी कुतलडाँडा घ्यूखोला चिसापानी खण्ड सडक स्तरोन्नती मालिका ५ गुल्मी
- रातीपोखरी सतीम्ला वस्तीमा पूर्वाधार निर्माण कार्यक्रम मालिका गा.पा वडा नं ६ गुल्मी
- पाठकटोल काउले मोटरबाटो स्तरोन्नती मालिका-०८ गुल्मी

***खानेपानीः***

१२१. एक घर एक धारा खानेपानी आयोजना अन्तरगत संघ र प्रदेश सरकारको समन्वयमा सम्पूर्ण वडाहरुमा आगामी आर्थिक वर्षमा करिब ८० प्रतिशत खानेपानी आयोजना निर्माण गरी सम्पन्न भएका वडाहरु क्रमश घोषणा गर्दै सम्बन्धित समितिहरुलाइ हस्तान्तरित गर्ने नीति लिइनेछ।

१२२. गाउँपालिका भित्र सबै नागरिकलाइ पिउने स्वच्छ पानीमा पहुँच पुर्याउन संघीय सरकार,प्रदेश सरकार र गाउँपालिका समेतको सहभागितामा निम्न आयोजनाहरु क्रमश कार्यान्वयन गरिनेछ।

- ❖ एकीकृत मालिका एक घर एक धारा खानेपानी आयोजना
- ❖ विचारे सिस्नेरी,सिरुखर्क मुहान रातामाटा टोल खानेपानी आयोजना मालिका २ गुल्मी
- ❖ बृहत खानेपानी आयोजना घमिर मालिका ७ गुल्मी
- ❖ ग्राखोला तिखेचुली लिफ्ट खानेपानी आयोजना मालिका १ गुल्मी
- ❖ गर्याङ्ग चकलेटी खानेपानी आयोजना मालिका गा.पा. गुल्मी
- ❖ मर्भुङ्ग ठूलाखोला तिनधारे सिमलटारी खानेपानी मालिका गा.पा-०८
- ❖ कुलतडाँडा सिद्धकापाति लिफ्ट खानेपानी मालिका गा.पा. ६,७

१२३. गाउँपालिकाभित्र रहेका सम्पूर्ण खानेपानीहरुको मुहान दर्ता सम्बन्धी कार्यविधि बमोजिम दर्ता गरी गरी पालिका स्तरीय खानेपानी समिति निर्माण गर्ने र सो मार्फत मर्मत सम्भार गर्ने कार्य गरिनेछ।

***भवन निर्माण तथा मर्मतः***

१२४. राष्ट्रिय भवन संहिताको आधारमा स्थानीय भवन मापदण्ड संहिता तर्जुमा गरी गाउँपालिकाभित्र नयाँ घरहरु निर्माण गर्दा नक्सापास गर्ने र निर्माण भैसकेका घरहरुको घर प्रमाणित गर्ने नीति लिइनेछ।

१२५. गाउँपालिका प्रशासकीय भवन निर्माण कार्य सम्पन्न गरी आगामी आर्थिक वर्षदेखि सेवा प्रवाह सूचारु गरिनेछ।

१२६. १५ शैया अस्पताल निर्माणको कार्य पुरानो सम्झौता अनुसार सम्पन्न हुन नसकेकोले ठेक्का सम्झौता रद्द गरिएको हुँदा नयाँ ठेक्का आवहान गरी आगमी आर्थिक वर्षदेखि निर्माण कार्य प्रारम्भ गरिनेछ।

१२७. वडा नं २,३,४,५,६,७,८ को वडा कार्यालयको भवन स्तरोन्नती गरी सेवाग्राही मैत्री भवनको निर्माण गरिनेछ।

१२८. मालिका नमूना माध्यमिक विद्यालयको भवन तथा अन्य पूर्वाधार निर्माण कार्य क्रमागत रुपमा संचालन गरिनेछ।

१२९. वडा नं ३ मा स्वास्थ्य चौकी भवन जीर्ण भएकोले आगामी आर्थिक वर्षदेखि नयाँ भवन निर्माण कार्य प्रारम्भ गरिनेछ ।

१३०. संघीय सरकार विशेष अनुदान अन्तर्गत स्वास्थ्य गुणस्तर सुधार कार्यक्रम मार्फत वडा नं ६ अर्जैबेसी कुमालगाउँमा सुविधा सम्पन्न सामुदायिक स्वास्थ्य इकाइ भवन निर्माण गरि संचालनमा ल्याइनेछ। साथै वडा नं २ को च्यानडाँडा सामुदायिक स्वास्थ्य इकाइ भवनको बाँकी कार्य सम्पन्न गरिनेछ।

१३१. खरको छानामुनी रहेका करिब २० घर परिवारको सुरक्षित आवास निर्माण गरिनेछ।

१३२. गाउँपालिकाको पुँजीगत बजेटको न्यूनतम १ प्रतिशत रकम अनुसन्धान,नवप्रवर्तन र आविश्कारमा खर्च गर्ने नीति लिइनेछ।

***सामाजिक समावेशीकरण:***

१३३. महिला सशक्तिकरण मार्फत हरेक क्षेत्रमा महिलाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्दै आर्थिक सशक्तिकरण तथा क्षमता विकासका कार्यक्रमलाई निरन्तरता दिइनेछ। पिछडीएको विपन्न एंव गृहणी महिलाहरुको आर्थिक सशक्तिकरणका लागि जीविकोपार्जन उद्यमशीलता प्रोत्साहन कार्यक्रम संचालन गरिनेछ।

१३४. बालअधिकारको सुनिश्चतताको लागि बालमैत्री स्थानीय शासन विकास र प्रवर्द्धन गर्न आवश्यक प्रोत्साहनमूलक कार्यक्रम संचालन गरी आगामी ३ वर्ष भित्रमा ***बालमैत्री स्थानीय तह*** घोषणा गरिनेछ।

१३५. बालबालिकाहरुको हक हित संरक्षण गर्दै विविध गतिविधिहरुमा उनीहरुको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने व्यवस्था गरिनेछ।

१३६. लैङ्गिक समानता कायम गर्न तथा महिलाहरुको मूलप्रवाहीकरणको लागि लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण कार्यक्रम संचालन

गरिनेछ। जसको प्रभावकारीता परीक्षणको लागि लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण,GESI Audit कार्यक्रम कार्यान्वयन गरिनेछ।

१३७. गाउँपालिकाको नीति,बजेट तथा कार्यक्रम र कानून तर्जुमा गर्दा लैङ्गिक समावेशी हुने गरि तर्जुमा गरिनेछ। साथै बजेट निर्माण गर्दा लैङ्गिक उत्तरदायी बजेट(GRB) को अवधारणालाइ ध्यानमा राखि निर्माण गरिनेछ र त्यसको लागि आवश्यक तालिम तथा अभिमुखिकरण कार्यक्रम संचालन गरिनेछ।

१३८. लैङ्गिक समानता तथा महिला सशक्तिकरणको क्षेत्रमा पहिचान गरिएका विद्यमान १२ वटा जल्दाबल्दा समस्याहरु सम्बन्धी बेइजिङ्ग घोषणापत्र,१९९५ सम्बन्धी अभिमुखीकरण कार्यक्रम संचालन गरिनेछ।

१३९. संयुक्त राष्ट्रसंघको सुरक्षा परिषदको महिला,शान्ति र सुरक्षा सम्बन्धि निर्णय नं १३२५ र सशस्त्र युद्ध कार्यनीतिको रुपमा हुने यौनहिँसा सम्बन्धी निर्णय नं १८२० सम्बन्धी अभिमुखीकरण कार्यक्रम तथा तालिम संचालन गरिनेछ।

१४०. महिला अधिकार र कानूनी साक्षरता तालिमको साथै महिलाको लागि नेतृत्व विकास तालिम संचालन गरिनेछ।

१४१. अनाथ, असहाय, अपाङ्गता भएका टुहुरा, अशक्त तथा आफ्नो जीवनयापन आफै धान्न नसक्ने वर्गलाइ गाउँपालिकाको समन्वयमा विभिन्न गैर सरकारी संस्थासँग सहयोगका कार्यक्रमहरु संचालन गरिनेछ।

१४२. जेष्ठ नागरिकको जीवन सम्मानित सुरक्षित र व्यवस्थित बनाइ उनीहरुको ज्ञान सीप र अनुभवलाइ गाउँपालिकाको समृद्धिको लागि उपयोग गरिनेछ। ह्वावङ्दीमा अवस्थित जेष्ठ नागरिक दिवा सेवा केन्द्रलाइ थप स्तरोन्नति गरी ***जेष्ठनागरिक पुनर्मिलन कार्यक्रम*** संचालन गरिनेछ।

१४३. विपन्न दलित लक्षित कार्यक्रमहरु(आरन सुधार,सिलाइ पेशा संरक्षण,पन्चेबाजा संरक्षण,कटुवाल संरक्षण) संचालन गरिनेछ।

१४४. अपाङ्गता भएका व्यक्तिलाइ समाजले हेर्ने दृष्टिकोणमा परिवर्तन गरी जीवनयापनका लागि आवश्यक पर्ने ज्ञान वा सीपमूलक तालिमको व्यवस्था गरिनेछ।

१४५. पूर्वाधार निर्माण सम्बन्धी कार्य गर्दा बालमैत्री तथा तथा अपाङ्गमैत्री हुने गरी निर्माण गरिनेछ।

१४६. समुदाय तथा विद्यालय तहमा रहेका बाल कल्बको सशक्तिकरण गरी स्थानीय बाल संजाल गठन गरिनेछ।

१४७. महिला बालबालिका,जेष्ठ नागरिक,अपाङ्गता भएका व्यक्ति लैङ्गिक तथा यौनिक अल्पसंख्यक लगायतका लक्षित वर्ग समुदायको नीति,योजना,कार्यक्रम तर्जुमा,कार्यान्वयन एवं अनुगमन तथा मूल्याङ्कनलाइ यथार्थपरक बनाउन आवश्यक नीति लिइनेछ।

१४८. बाल विवाह,दाइजो,छुवाछुत,बोक्सी प्रथा,जातिय हिंसा,लैङ्गिक हिंसा,घरेलु हिंसा,बालबालिका विरुद्धको हिंसा लगायत सबै प्रकारका विभेद र शोषणलाइ प्रश्रय दिने सामाजिक संरचना,मूल्य मान्यता तथा सोचको विरुद्ध शुन्य सहनशीलताको नीति अबलम्बन गरिनेछ।

१४९. गाउँपालिकामा युवाहरुलाइ कुलतबाट जोगाउने,उनीहरुलाई सकारात्मक सोचका साथ पढाई,उद्यम जस्ता क्षेत्रमा अग्रसर गराउन युवा प्रोत्साहन तथा मनोपरामर्शका कार्यक्रमहरु अगाडी सार्ने नीति अबलम्बन गरिनेछ।

***<u>वन, वातावरण तथा विपद व्यवस्थापनः</u>***

१५०. प्रत्येक वस्तीमा रहेका पानीका परम्परागत स्रोतहरुलाइ संरक्षण र पुनरभरण गर्ने कार्यक्रम लागु गर्ने,गाउँमा भएका पोखरीहरुको मर्मत सम्भार अभियानको रुपमा संचालन गर्ने,वर्षादतको पानी संकलन गरी खानेपानी र सिँचाइमा प्रयोग गर्न सक्ने प्रणालीको विकास गरिनेछ।

१५१. कृषि पर्यावरण र प्रकृति पर्यटनको प्रवर्द्धन गरिनेछ ***।"सामुदायिक वन फलाउनेछ धन*** "भन्ने अभियान अन्तर्गत सम्बन्धित निकायसँगको समन्वयमा कबुलियति वनको प्रयोग गर्ने अवधारणा अबलम्बन गरिनेछ।

१५२. मालिका गाउँपालिकालाई ***पूर्ण सरसफाई उन्मुख गाउँपालिका*** घोषणा गर्नको लागि आवश्यक कार्यक्रमहरु संचालन गरिनेछ।

१५३. गाउँपालिका भित्र रहेका वडामा मौसम अनुसार ***"हरेक घर २ फलफूलका विरुवा रोपण कार्यक्रम"*** लागत साझेदारीमा संचालन गरिनेछ।

१५४. जलवायु परिवर्तनले कृषि,जलस्रोत,स्वास्थ्य,पर्यटन,उर्जा,वन,जैविक विविधता तथा पूर्वाधार क्षेत्रहरुमा ल्याउने प्रतिकूल प्रभावका बारे ज्ञान र जनचेतना वृद्धि गर्न

तथा जलवायुजन्य विपत्तिबाट हुने हानी नोक्सानीहरुको कमी गर्न ***"जलवायु अनुकूलनमा महिलाःमालिका गाउँपालिकामा पहिला"*** कार्यक्रम संचालन गरिनेछ।

१५५. वडास्त्तरीय विपद व्यवस्थापन समितिको सकृयतामा वडातहमा हुने विपदजन्य गतिविधिबारे समुदाय,टोल विकास समिति,विद्यालय तहमा सचेतना कार्यक्रम संचालन गरिनेछ।

१५६. सामुदायिक वन व्यवस्थापन समितिलाई कृयाशील बनाई वन वातावरण संरक्षणमा परिचालन गरिनेछ।साथै सामुदायिक वनबाट प्राप्त हुने आयको न्यूनतम हिस्सा गाउँपालिकामा जम्मा गर्ने व्यवस्था मिलाइनेछ।

१५७. गाउँपालिका भित्र रहेका महत्वपूर्ण जडीबुटीको अध्ययन,अनुसन्धान र अभिलेखीकरणको गर्ने कार्यक्रमको थालनी गरिनेछ।

१५८. डढेलो नियन्त्रण गरी वन संरक्षण गर्न अग्नि रेखा निर्माण सम्बन्धी कार्यक्रम ल्याइनेछ।यसको प्रभावकारिताको लागि सामुदायिक वन उपभोक्ता समितिलाई जिम्मेवार बनाइनेछ।

***सार्वजनिक सेवा प्रवाह तथा सुशासन व्यवस्थापनः***

१५९. स्थानीय तहको सार्वजनिक प्रशासनलाई सक्षम,सुदृढ,प्रतिस्पर्धी,समावेशी र जनउत्तरदायी,नतिजामूखी बनाउँदै लगिनेछ।

१६०. सबै वडा कार्यालयबाट प्रवाह गरिने सेवा प्रवाहलाइ क्रमश विद्युतीय प्रणालीमार्फत संचालन गरिनेछ।

१६१. कर्मचारीको कार्यसम्पादन मूल्याङ्कनलाइ बस्तुनिष्ठ वैज्ञानिक र प्रविधिमा आधारित बनाइनेछ।प्रत्येक महिना गाउँपालिका अध्यक्षको अध्यक्षतामा वडा अध्यक्ष र कार्यालय प्रमुख र विषयगत शाखा प्रमुख वडा सचिवहरुको उपस्थितिमा प्रगति समीक्षा गरी मासिक रिपोर्ट कार्ड तयार गरिनेछ।

१६२. गाउँपालिकाको आय व्ययलाई बुलेटिनको माध्यमबाट मासिक रुपमा सार्वजनिक गरिनेछ। साथै गाउँपालिकाबाट चौमासिक रुपमा र हरेक वडाबाट वर्षको कम्तीमा एक पटक सार्वजनिक सुनुवाई तथा सामाजिक परीक्षणलाइ प्राथमिकता साथ कार्यान्वयन गरिनेछ।गाउँपालिकाको चौमासिक,अर्धबार्षिक तथा बार्षिक प्रगति समीक्षा नियमित रुपमा गरिनेछ।

१६३. भूमिहीन दलित र अव्यवस्थित बसोबासीको निस्सा वितरणको कार्य सम्बन्धित निकायसँगको सहकार्यमा अन्तिम रुप दिइनेछ।

१६४. न्यायिक कार्यसम्पादनलाई प्रभावकारी बनाउनको लागि न्यायिक ईजलाश कक्षको स्थापना गर्ने,वडा तहमा गठन भएका मेलमिलाप केन्द्रको संस्थागत क्षमता विकास र मेलमिलापकर्ताहरुको पुनर्ताजगी तालिम संचालन गर्ने,न्यायिक समितिका पदाधिकारीहरुको क्षमता विकासको लागि जिल्ला अदालतसँगको समन्वयमा आवश्यक कार्य गर्ने नीति लिइनेछ।

१६५. गाउँपालिका भित्र कालोबजारी,गैरकानूनी व्यापार, चोरी निकासी जस्ता विकृतिलाई निरुत्साहित गर्दै सुशासन प्रवर्द्धनका लागि नेपाल प्रहरी,नगर प्रहरी तथा अन्य सम्बन्धित निकायसँगको सहकार्यमा अनुगमन तथा गस्तीका गतिविधिहरु बढाइनेछ।

१६६. कर्मचारीको जिम्मेवारी कायम गरी जवाफदेहिता प्रवर्द्धन गर्न कार्यसम्पादन सूचकको विकास गरी कार्यसम्पादन सम्झौता गरिनेछ। सो आधारमा उत्कृष्ट कर्मचारीलाइ पुरस्कृत गरिनेछ।

१६७. भ्रष्ट्राचार विरुद्धको अभियानलाइ अझ सघन बनाएर वडा तहदेखिनै भ्रष्ट्राचारविरुद्धको शुन्य सहनशीलताको नीतिलाइ थप कडाइका साथ कार्यान्वयन गरिनेछ।

१६८. सार्वजनिक सेवालाई नागरिकसँग पुग्ने र गाउँपालिकादेखि प्रवाह हुने सेवालाई वडा तहमै पुर्याउन प्रत्येक चौमासिकमा एकीकृत घुम्ती शिविर कार्यक्रम संचालन गरिनेछ।

१६९. जनप्रतिनिधि तथा कर्मचारीहरुको आचारसंहिता तयार गरी व्यवसायिकता प्रवर्द्धन गर्दै अनुशासन कायम गर्न सम्पूर्ण जनप्रतिनिधि तथा कर्मचारीलाइ प्रतिबद्ध गराइनेछ।

१७०. वडा नं २ को च्यानडाँडा र वडा नं ५ को छापहिलेबाट श्रावण महिना देखि हप्तामा १ दिन सेवा प्रवाह गरिनेछ।

१७१. बजारमा खाद्य तथा गैर खाद्य वस्तुको सहज उपलब्धता गुणस्तरीयता तथा उचित मूल्य कायम गरी आपूर्ती व्यवस्थालाइ सहज बनाउन सरकारी निकायको समन्वयमा बजार अनुगमनको कार्यलाइ प्रभावकारी बनाइनेछ।

१७२. संघ प्रदेश र स्थानीय सरकारबीच भएका सकारात्मक कार्यहरुको आदानप्रदान तथा सुमधुर सम्बन्ध कायम गराउन अन्तर सरकार समन्वय मन्च र अन्तर पालिका संवाद मन्चको स्थापना गरिनेछ।

१७३. विषयगत समितिको प्रभावकारीता अभिवृद्धि गर्न तथा निर्णय प्रकृयालाइ वस्तुनिष्ठ बनाउनका लागि विषयगत समितिको वैठक अनिवार्य रुपमा प्रत्येक महिनाको एक पटक र आवश्यकताका आधारमा वैठक वस्ने व्यवस्था मिलाइनेछ।

१७४. निर्माण कार्यमा प्रतिस्पर्धा कायम गराउन १० लाख भन्दा माथिका आयोजनामा बोलपत्र आवहान मार्फत खुला प्रतिस्पर्धा बमोजिम गरिनेछ। साथै संघ,प्रदेश र स्थानीय सरकारले निर्माण गर्ने विकास आयोजनाहरुको सम्बन्धित सरोकारवाला नागरिकहरुलाइ समेत सहभागि हुने गरी प्रत्येक वडामा सार्वजनिक परीक्षण गरी गुणस्तरीयता कायम गर्न पहल गरिनेछ।

१७५. स्थानीय तह संस्थागत स्वमूल्याङ्कन र वित्तीय जोखिम मूल्याङ्कनबाट प्राप्त सिकाई तथा उपलब्धिलाई संस्थागत गर्दै आ.ब. २०८१/८२ मा आवश्यक सुधार गरि थप उपलब्धि हासिल गर्ने आधार तयार गरिनेछ।

१७६. गाउँपालिका भित्रका सबै वडा कार्यालय,विद्यालय तथा स्वास्थ्य केन्द्रहरुमा द्रुत गतिको इन्टरनेट सेवा जडान गरी सेवा प्रवाह व्यवस्थित गरिनेछ।

१७७. आन्तरिक राजस्व सक्षमता अभिवृद्धि गर्नको लागि राजस्व परामर्श समितिलाइ जिम्मेवार गराई स्थानीय तहको राजस्व अधिकार अन्तर्गत गाउँपालिकाका सम्भावना क्षेत्रलाई पहिचान गरी करको दायरामा ल्याइनेछ।

१७८. गाउँपालिकाको समग्र आर्थिक,सामाजिक,साँस्कृतिक, भौगोलिक परिवेश झल्किने गरी वृत्तचित्र तयार गरिनेछ।

१७९. घटना घटेको ३५ दिनभित्र घटना दर्ता गराउन प्रोत्साहन गरिनेछ। साथै राष्ट्रिय परिचयपत्रको उपयोगको संख्या वृद्धि गर्न सम्बन्धित निकायसँग आवश्यक समन्वय गरिनेछ।

१८०. मालिका गाउँपालिका भित्र रहेका सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको बायोमेट्रिक तरिकाबाट नवीकरण गरी गर्ने कार्य प्रारम्भ गरिनेछ। साथै प्रत्येक

चौमासिकमा वैङ्कसँगको समन्वयमा टोलटोलमा गई सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रम संचालन गरिनेछ।

१८१. मालिका गाउँपालिका केन्द्र अर्खबाङ्गदेखि घमिर,छाप,अर्जै,अमरपुर,तम्घास हुँदै काठमाण्डौका लागि रात्रीबस सेवा संचालनका लागि आवश्यक पहल गरिनेछ।

१८२. गाउँपालिका भित्रका सम्पूर्ण कार्यालय,संस्था तथा समुदाय स्तरमा क्रमशःशक्तिशाली इन्टरनेट,ब्रोडब्याण्ड नेटवर्क विस्तार गरिनेछ।

१८३. मालिका गाउँपालिकाको वेभसाइटलाई थप प्रयोगकर्तामैत्री बनाउनको लागि समयानूकूल परिमार्जन गर्दै गाउँपालिका तथा वडा कार्यालयबाट प्रदान गरिने अत्यावश्यक सेवाहरुको लागत,समयावधि,जिम्मेवार पदाधिकारी सहितको अनलाईन नागरिक वडापत्र तयार गरिनेछ।

१८४. विभिन्न संवैधानिक निकाय तथा नियामक निकायबाट सुशासनका कायम गर्न सुधारका लागि दिएका सुझावहरुको अक्षरंश कार्यान्वयन गरिनेछ।

१८५. महालेखा परीक्षकको कार्यलयबाट विभिन्न आर्थिक वर्षका औलाएका बेरुजुलाइ क्रमश सम्परीक्षण गरि शुन्य बेरुजु गाउँपालिकाको रुपमा लैजाने र दिइएका सुझावहरुको कार्यान्वयन गरिनेछ।

१८६. सार्वजनिक सुनुवाई,सामाजिक परीक्षण,सेवा प्रवाहको स्व मूल्याङ्कन जस्ता माध्यमबाट पारदर्शी,मितब्ययी,जवाफदेही र प्रभावकारीता अभिवृद्धि गरी नागरिकप्रति जवाफदेही स्थानीय सरकारको वातावरण सृजना गरिनेछ।

१८७. सार्वजनिक जवाफदेहीता तथा सूचनाको हक प्रत्याभूतीको व्यवस्था गर्न गाउँपालिका भित्रका सम्पूर्ण सूचना अधिकारीहरुलाई सूचना अधिकारीहरुको क्षमता विकास तालिम संचालन गरिनेछ।

१८८. गाउँपालिकामा जडान गरिएका Software System को नियमित Security Audit गरि सरकारी डेटा सेन्टरमा क्रमश आबद्ध गर्दै लगिनेछ।

१८९. गाउँपालिका र वडा कार्यालयबाट प्रवाह गरिने सेवा प्रवाहलाई थप प्रविधिमैत्री बनाउन सम्बन्धित निकायको समन्वयमा एकीकृत कार्यालय व्यवस्थापन प्रणाली जडान गरिनेछ।

१९०. गाउँपालिका भित्र रहेका मुख्य बजार क्षेत्र तथा महत्वपूर्ण सार्वजनिक स्थानको सुरक्षा संवेदनशीलतालाई मध्यनजर गर्दै CCTV क्यामेरा जडान गरी प्रहरी चौकी मार्फत निगरानी गर्ने कार्य प्रारम्भ गरिनेछ।

१९१. गाउँपालिकाको कार्यालय तथा वडा कार्यालयबाट जारी गरिने सबै प्रकारका सूचनालाई डिजिटल बोर्ड मार्फत सार्वजनिक गरिनेछ ।साथै डिजीटल नागरिक वडापत्र समेत जडान गरिनेछ।

१९२. गाउँपालिका भित्र रहेका विभिन्न संघ,संस्था,आमा समूह,युवा कल्ब,बाल कल्ब,साँस्कृतिक समूह, महिला समूह,समाजसेवी समूह,सम्पर्क समाज ,पैरवी समूह लगायतसँगको समन्वयमा गाउँपालिकाको समग्र विकास तथा सुशासनलाई प्रवर्द्धन गरिनेछ।

१९३. गाउँपालिकाबाट सम्पादन भएका सम्पूर्ण कृयाकलापहरुको जानकारी तथा सम्प्रेषण गर्न संचारजगतको भूमिका महत्वपूर्ण भएको हुँदा मालिकासँग मिडिया कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१९४. गाउँपालिका स्थापनादेखि हालसम्म निर्माण भएका ऐन,कानून,कार्यविधि,मापदण्डको समयानुकूल परिमार्जन,संसोधन गरी एकमुष्ट रुपमा कानूनी संगालो प्रकाशन गरिनेछ।

अन्त्यमा

सम्पूर्ण जनप्रतिनिधि,राष्ट्रसेवक कर्मचारी तथा सुरक्षाकर्मी ,राजनीतिक दल,किसान,मजदुर,उद्योगी,व्यवसायी,बैङ्क तथा वित्तीय क्षेत्र,सहकारी,समुदाय,नागरिक समाज,सन्चारकर्मी,लगायत स्वदेश र विदेशमा रहनुहुने सम्पूर्ण मालिका बासी आमा बुवा,दाजुभाई दिदी बहिनी हरुमा हार्दिक धन्यबाद सहित आगामी दिनमा समेत निरन्तर सहयोग प्राप्त भइरहने विश्वास व्यक्त गर्दछु।